मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**उपभोक्ता हकको रक्षा गरौं**

- खरिद बिक्री गरिने वस्तुमा उत्पादन मिति तथा उपभोग्य मिति नराख्नु,
- मिति/म्याद समाप्त भएको बस्तु विक्री गर्नु,
- कुनै पनि बस्तुको कृत्रिम अभाव सिर्जना गर्नु,
- अनुचित मुनाफा राखी वस्तु तथा सेवा विक्री गर्नु,
- खाद्य पदार्थमा अखाद्य रंग वा पदार्थको प्रयोग गर्नु,

जस्ता कार्य उपभोक्ताको हक बिरूद्धका कार्य हुन्, यस्ता कार्य कानून बमोजिम दण्डनीय भएकोले त्यस्ता कार्य नगरौं, नगराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# लैङ्गिकमैत्री कार्यक्रममा मनहरी गाउँपालिका

साझाकुरा संवाददाता

हेटौंडा, २१ पुस/ मकवानपुरको पश्चिमक्षेत्रमा रहेको मनहरी गाउँपालिकाले लैगिंकमैत्री वातावरण निर्माणको लागि दर्जनौ कार्यक्रम मार्फत् अग्रसरता देखाएको छ ।

गाउँपालिकाले बजेट निर्माणको समयदेखि बजेट परिचालको अवस्थासम्म क्रियाकलापलाई नियमित सञ्चालन गर्दै आएको हो । गाउँपालिकाले पछि पारिएका महिला, दलित, जनजाति, अतिसीमान्तकृत महिला तथा अपाङ्गता भएको महिलाको सबालमा सीपमूलक तालिमको व्यवस्था गर्दै उनीहरुलाई आत्मनिर्भर बनाउने तथा स्वरोजगार मूलक तालिमलाई नियमितता दिएको छ ।

गाउँपालिकाले गत आर्थिक वर्षमा दलित तथा जनजातिको क्षेत्रमा १० लाख रुपैयाँ विनियोजन गरी उनीहरुको आर्थिकस्तर बढाउने सीपमूलक तथा नेतृत्व र व्यक्तित्व विकास तालिम सञ्चालन गरेको हो । गाउँपालिकाले गृहिणी महिला शसक्तिकरण कार्यक्रमअन्तंगत २८ लाख रुपैयाँ खर्च गरेको जनाइएको छ । गाउँपालिकाको महिला तथा बालबालिका शाखाप्रमुख शिला अधिकारीका अनुसार गाउँपालिकाले गत आर्थिक वर्ष सबै वडामा साबुन बनाउने तालिम, डल कुसन, अचार बनाउनेलगायत तालिम सञ्चालन गर्दै महिला तथा पछि पारिएको समुदायलाई आर्थिकोपार्जनको लागि सहयोगी भूमिका खेलेको छ ।

गाउँपालिकाले वडा नम्बर १,७ र ८ मा समूह निर्माण गरेर पशुपालनमा अनुदान वितरण गरेको उनले बताइन् । चालु आर्थिक वर्षमा गाउँपालिकाले गृहिणीको कार्यक्रमलाई २८ लाख र महिला तथा पछि पारिएको समुदायको शसक्तिकरणको लागि २३ लाख बजेट विनियोजन गरेर काम गरिरहेको छ । मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामी मगरले आफूहरुले गाउँपालिकामा आएपछि लैङ्गिकमैत्री वातावरण निर्माणको लागि मसिनो ढंगबाट लागिपरेको बताइन् ।



जवसम्म लैङ्गिकमैत्री वातावरण निर्माण हुन्न तवसम्म गाउँपालिकाले हरेकक्षेत्रमा सफलता हाँसिल गर्न सक्दैन भन्ने विषयलाई केन्द्रमा राखेर आफूहरुले कामलाई अघि बढाएको उनको भनाई छ । गाउँपालिकाको अधिकांश ग्रामीण क्षेत्र गरिवीको रेखामुनी रहेको, अतिसीमान्तकृत समुदायको बसोबास रहेको बताउँदै उपाध्यक्ष मगरले आफूहरु यस विषयमा सचेत हुँदै बजेट निर्माण गरिएको बताइन् । वनकरिया, चेपाङ, बोटे समुदायको बसोबास रहेको कारण उनीहरुलाई हेरेर सोहीअनुसारको कार्यक्रम निर्माण गर्ने गरिएको उपाध्यक्ष मगरको भनाई छ ।

गाउँपालिकाको श्रोत अनुसारको बजेट विनियोजन गर्नुपर्दा सोचेअनुसार सबै क्षेत्रमा बजेट विनियोजन गर्न नपाएपनि मकवानपुरको अन्य गाउँपालिका भन्दा आफूहरुको पालिकामा बजेट विनियोजनको अवस्था सन्तोषजनक भएको उनले बताइन् । गाउँपालिकालाई केन्द्र र प्रदेशले दिने अनुदान र आफूहरुको आन्तरिक श्रोत अनुसारको बजेट व्यवस्थापन गर्नुपर्ने भएको कारण पनि ठ्याक्कै सोचेअनुसारको बजेट भने विनियोजन गर्न नसकिएको उनले बताइन् । मनहरीले लोपन्मुख जनजाति, दलित, महिलाको क्षेत्रमा अन्य गाउँपालिका भन्दा उत्कृष्ट काम गरिरहेको उपाध्यक्ष मगरको दाबी छ ।

आफूहरु जेसी नीति अनुसार अघि बढेको बताउँदै उनले गत वर्षको जेण्डर अडिट गरिएको बताइन् । जेसी अवधारणालाई लागू नगरेसम्म समान सहभागिता र शुसासन कायम हुन नसक्ने भन्दै यो विषयमा आफूहरु निकै गम्भिर रहेको उनको भनाई छ । महिलालाई उत्पादनमूलककार्यमा लगाउनसके मात्र घरेलुहिंसाको घटनामा कमी आउने ठानेर आफूहरुले प्रत्येक वर्ष ती क्षेत्रमा आवश्यक बजेट विनियोजन गरेको र त्यसको परिणाम पनि सकारत्मक देखापर्दै आएको उनको भनाई छ ।

**कर्मचारी तहमा भने छैन लैगिकसमानता**

जेसी अवधारणामा जानखोजे पनि मनहरी गाउँपालिकामा हालसम्म कर्मचारी संगठन र जनप्रतिनिधिको क्षेत्रमा भने लैगिंकसमानता देखिएको छैन । १ सय ७६ कर्मचारी रहेको गाउँपालिकामा अधिकांश कर्मचारी पुरुष छन् ।

महिला कर्मचारीको सहभागिता भने न्युन देखिएको छ । ९ वटा वडा रहेको मनहरीको ८ वडासचिवको रुपमा पुरुष छन् भने जातीय हिसावमा हेर्दा ८ जना ब्राम्हणक्षेत्री समुदायको र एकजना जनजाति समुदायका छन् । मनहरीमा अपाङ्गता भएका कोही पनि कर्मचारीको रुपमा रहेका छैनन् । यहाँ ९ जना वडाध्यक्ष पुरुष छन् ।

कर्मचारीको सबालमा लोकसेवा आयोगबाट सिफारिस भएर आउने भएका कारण आफूहरु मातहत नहुने गाउँपालिका उपाध्यक्ष मगरले बताइन् । उनले भनिन् 'हामी आफैंले नियुक्त गर्ने करारको कर्मचारीको हकमा भने हामीले जेसी अवधारणालाई फलो गरेका छौं तर, संघ र प्रदेश लोकसेवा आयोगको सिफारिसबाट आउने कर्मचारीको विषयमा भने त्यो अवधारणा पूर्णतया लागू भएको छैन ।'

यसैगरी, गाउँपालिकाले निर्माण गरेको न्यायिक समूहमार्फत् गाउँपालिकामा हुनेगरेका सामान्य विवाद, घरझगडाहरु मिलाउने गरिएको छ । हिंसामा परेकालाई सेफ हाउस मार्फत् काउन्सिलिङ गरेर परिवार सँग पुनर्मिलनको वातावराण बनाउन गाउँपालिकाले अविभावकीय भूमिका निर्वाह गर्ने गरेको छ ।

# मउवासंघमा रानाभाटको प्यानल घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, २१ पुस/ मकवानपुर उद्योग वाणिजय संघको आसन्न निर्वाचनमा अध्यक्षका उम्मेदवार बनेका संघका उपाध्यक्ष प्रमोदसिंह रानाभाटले आफ्नो प्यानल घोषणा गरेका छन् । आइतबार साँझ व्यवसायीको भेलामा उनले आफ्नो उम्मेदवारी घोषणासँगै सिङ्गो प्यानल सार्वजनिक गरेका हुन् ।

प्रत्यक्ष निर्वाचन हुने गरी गरिएको विधान संशोधनसँगैको पहिलोपटकको हरेक पदमा निर्वाचनको माहोल गर्माएको छ । संघमा वाणिज्यतर्फ, उद्योगतर्फ र एशोसियटतर्फका उम्मेदवारी घोषणा गरिएको छ । संघको यो वर्ष २ हजार ९७ जना मतदाताले आफ्नो ब्यवसायिक प्रतिनिधि चयन गर्नेछन् । अघिल्लो निर्वाचनभन्दा करिब ८ सय मत यस वर्ष न्यून रहेको संघले जनाएको छ ।

रानाभाटले आफ्नो टिम घोषणा कार्यक्रममा संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवाल, सल्लाहकार नरोत्तम दाहाल, सरोजकुमार खनाल, हेटौंडा सिमेन्ट उद्योगका अध्यक्ष नरेन्द्र भण्डारी, संघका पूर्वअध्यक्षहरु हिटलर विषेत, केशव श्रेष्ठ, उत्तम शर्मा ढकाल, माधव रिसाल, अरुणराज सुमार्गी, महासंघका केन्द्रीय सदस्य एवम् निवर्तमान अध्यक्ष कृष्ण कटुवाललगायत संघमा आवद्ध विभिन्न वस्तुगत संघका अध्यक्षको आतिथ्यता रहेको थियो ।

रानाभाट नेतृत्वको प्यानलबाट अध्यक्ष रानाभाट, महासचिव प्रतिमा श्रेष्ठ, कोषाध्यक्षः श्रीकृष्ण कर्माचार्य (भाइ), सहकोषाध्यक्षः निलम वैद्य, वाणिज्यतर्फ उपाध्यक्ष रामप्रसाद न्यौपाने, सचिव कुलप्रसाद चौलागाई, सदस्यहरु राजेन्द्र लामिछाने (राजेश), सन्तोष घिमिरे, राजदेव बनियाँ, होमनाथ खनाल (रोशन), महिला आरक्षणमा निलम बजगाई देवकोटा रहेका छन् ।

एशोसियटतर्फ उपाध्यक्ष उज्ज्वल चौलागाई, सचिव माधव ज्ञवाली, सदस्यहरु अंकिता सुमार्गी पराजुली, नवराज खतिवडा र सुकृत पराजुली रहेका छन् । उद्योगतर्फ उपाध्यक्ष दीपक उप्रेती, सचिव रुपकराज दाहाल, सदस्यहरु जगदीश दाहाल, कृष्णराज कोइराला, भुपेन्द्र अधिकारी, महिला आरक्षणमा सीतादेवी भेटवाल रहेका छन् । वस्तुगततर्फ उपाध्यक्ष प्रदीप अर्याल, सचिव राजाराम कार्की, सदस्य कृष्ण अर्याल रहेका छन् ।

अध्यक्षका उम्मेदवार रानाभाटले आइतबार साँझ भावी योजनासहित घोषणापत्र सार्वजनिक गरेका छन् । प्यानल घोषणा गरेसँगै उनले भावी योजना सार्वजनिक गरेका हुन् । उम्मेदवारीको घोषणापत्र मात्र नभएर निरन्तर प्रयास र प्रतिवद्धताको दृष्ट्रिकोण रहेको रानाभाटले बताएका छन् । पदको लागि होइन, व्यवसायी समुदायको हितका लागि स्थायी र प्रतिवद्ध रुटिनका रुपमा अघि बढाउने उनले बताएका छन् ।

'म सधैं परिवर्तन र सुधारका पक्षमा छु र मैले देखेको र बुझेको अनुभवलाई अन्य व्यवसायीसँग साझेदारी गर्दै सबैको राम्रोको लागि काम गरिरहेको अवस्थामा व्यवसायीको हितको लागि अझ ठूलो र महत्वपूर्ण कदम चाल्न सक्छु भनेर उम्मेदवारी अघि सारेको छु' रानाभाटले बताएका छन् ।

# वस्तुगत सदस्यमा राजु नेपालको उम्मेदवारी रहने




साझाकुरा संवाददाता

हेटौंडा, २१ पुस/मुद्रण व्यवसायी संघले मकवानपुर उद्योग वाणिज्य संघको निर्वाचनमा वस्तुगत तर्फको सदस्यमा संघका अध्यक्ष राजु नेपाललाई उम्मेदवार बनाउन सर्वसम्मत प्रस्ताव गरेको छ ।

संघको शनिवार बस्तीपुरमा भएको भेलाले नेपाललाई उम्मेद्वार बनाउने र नेपालको पक्षमा वस्तुगत तर्फ सम्पूर्ण व्यवसायीको साझा उम्मेदवारको रुपमा मत माग्ने निर्णय गरेको छ । संस्थापक अध्यक्ष गोकर्ण सुवेदी, संघका केन्द्रीय वरिष्ठउपाध्यक्ष गोपालप्रसाद ढकाल, केन्द्रीय प्रथम उपाध्यक्ष रामप्रसाद घिमिरे, केन्द्रीय सहसचिव खिलानाथ लुईटेलसहित विभिन्न वस्तुगत संघका अध्यक्ष एवम् प्रतिनिधि र पूर्वअध्यक्षाको सहभागिता रहेको थियो । कार्यक्रम सचिव पुरुषोत्तम ढकाल्ले संचालन गरेका थिए ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३






साझाकुरा

## हाम्रो कुरा

# आराली लागेको हेटौंडा सिमेन्ट

२०४६ सालमा दलमाथिको प्रतिबन्ध हटाइएपछि प्रजातन्त्रको नाममा मुलुकमा छाडातन्त्र सुरुवात भयो । २०६२/६३ को जनआन्दोलनले स्थापना गरेको लोकतन्त्रले छाडातन्त्रलाई संस्थागत गर्नुका साथै भ्रष्टाचारलाई मलजल गऱ्यो । यसैको प्रतिफल हेटौंडा सिमेन्ट उद्योगले भोग्दै आएका छ । उद्योगमा राजनीति मात्रै गरिएन कि उद्योगलाई दुहुन गाई बनाइयो । सिमेन्टका उपभोक्ताले पैसा जम्मा गरेर ६ महिना कुर्नुपर्ने अवस्थाको हेटौंडा सिमेन्ट कसरी टाट पल्टियो त ? यसको उत्तर हामी सबैलाई थाहा छ तर, हामी बोलेर केही हुनेवाला छैन । उद्योगले कोइला आपूर्ति गरेको कोइलाको परिणाम भन्दा बढीको बिल आउने गरेको छ । चुनढुंगा आपूर्तिमा त्यस्तै छ । मेशिनरी पार्टस्मा त्यस्तै । निजीक्षेत्रका उद्योग बैंक ब्याज तिरेर पनि नाफामा जाने तर, सरकारी स्वामित्वको उद्योगमा ब्याज तिर्न नपर्दा पनि घाटामा जाने नेपालमा मात्रै होला । सरकारको संरक्षण भएर पनि ओरालो गतिमा लागेको हेटौंडा सिमेन्ट उद्योग उकासिने सम्भावना पटक्कै छैन । हेटौंडा सिमेन्ट उद्योग व्यवस्थापनले करिब तीन महिनादेखि मर्मतको बहानामा सिमेन्ट उत्पादन बन्द गरेको थियो ।

सिमेन्ट उत्पादन कहिलेदेखि नियमित गर्ने भन्ने विषयमा अझै अन्योलता रहेको उद्योग व्यवस्थापनले जनाएको छ । विभिन्न उपकरणलाई मर्मतसम्भार गर्नुपर्ने र केही नयाँ उपकरण जडान गर्नुपर्ने भएको भन्दै उद्योगले सिमेन्ट उत्पादन बन्द गरेको हो । उद्योगका महाप्रबन्धक वसन्तराज पाण्डेले नेपाल विद्युत् प्राधिकरण केन्द्रीय कार्यालय काठमाडौंबाट हेटौंडा सिमेन्ट उद्योगलाई दैनिक आठ मेगावाट विद्युत् नियमित उपलब्ध गराउने जानकारी नआएसम्म उत्पादनलाई निरन्तरता दिन नसकिने बताएका छन् । विद्युत आपूर्तिको समस्या हेटौंडा सिमेन्ट उद्योगमा मात्र होइन । सबै उद्योगमा समस्या छ । निजी क्षेत्रका उद्योगले डीजेबाट पनि उर्जा उत्पादन गरिरहेका छन् जुन अत्यन्तै महगो परिरहेको छ । तैपनि निजी क्षेत्रको उद्योगले मुनाफा आर्जन गरिरहेको छ । एकातिर उर्जाको समस्या अर्कोतिर उपकरण पुरानो भएर समस्याका कारण उद्योगले नियमित उत्पादन गर्न नसकेको बताइएको छ । विद्युत् प्राधिकरणका पदाधिकारीसँग उद्योगका पदाधिकारीले पटकपटक वार्ता गरी ऊर्जा उपलब्ध गराउन आग्रह गरिरहेकाले यथाशीघ्र समस्या समाधान हुने आशामा उद्योग प्रशासन ढुक्क भएर कानमा तेल हालेर बसिरहेको छ । केही दिनअघि अपरतामाकोशीको मर्मतपछि सुरु गरिएको विद्युत्बाट उद्योगलाई नियमित ऊर्जा उपलब्ध गराउने सहमति भए पनि हालसम्म विद्युत् आपूर्ति नियमित हुन नसकेकाले दैनिक सिमेन्ट उत्पादन चुनौतीपूर्ण बन्दै गएको महाप्रबन्धक पाण्डेले बताएका छन् । हाल विद्युत् प्राधिकरण हेटौंडाबाट दैनिक दुई-तीनपटक विद्युत् ऊर्जा कटौती हुँदै आएकाले उपकरण मर्मत र जडान गर्ने काममा जटिलता आएको उद्योगले बताएको छ । उद्योगमा जीर्ण अवस्थामा रहेका विभिन्न उपकरणको मर्मतसम्भार गर्ने कार्य विद्युत् ऊर्जाका कारणले अझै केही साता लम्बिने भन्दै नियमित विद्युत् आपूर्ति भएपश्चात् उपकरण मर्मत गरी सिमेन्ट उत्पादन सुरु गर्ने भनेर प्राविधिक जनशक्ति राखिएको छ ।

उद्योगमा सिमेन्ट उत्पादन गर्न प्रयोग भएका उपकरण सबै पुरानो भएका कारण पनि समस्या आएको बताइएको छ । निजी क्षेत्रका उद्योगले अत्याधुनिक उपकरण जडान गरेर उत्पादन गरिरहेका छन् । विभिन्न उपकरण बिग्रिएर मर्मतसम्भार गर्नुपर्ने अवस्थामा वार्षिकरुपमा तीन-चारपटक मात्र उद्योग सञ्चालन भइरहेको छ । नयाँ प्रविधिबाट उद्योग सञ्चालनमा ल्याउन दीर्घकालीन योजनासहित संघीय सरकारले पहल गर्नुपर्नेमा बताइएको छ । उद्योगलाई आवश्यक नयाँ प्रबिधिको उपकरण जडान गरी नियमित रुपमा उत्पादन गर्न कसले चासो देखाउने त ? विसं २०३३ मा हेटौंडाको लामसुरेमा तत्कालीन सरकारद्वारा एक अर्ब ३८ करोड ९० लाख रुपैयाँको लागतमा हेटौंडा सिमेन्ट उद्योगको स्थापना गरिएको थियो । उद्योगको साविक सिमेन्ट उत्पादन क्षमता दैनिक १८ हजार बोरा भए पनि हाल उपकरण जीर्ण भएकाले १० हजार बोरामात्र उत्पादन हुनसक्ने जनाइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ पुस २३ गते मंगलबार ७ जनवरी २०२५ । अष्टमी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४५ ने.सं. । सूर्योदय ६:५८, सूर्यास्त ५:२३ । अरनिको स्मृति दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : लेनदेनमा विवाद हुनेछ | **तुला** | : दाम्पत्य जीवन सुखद बन्नेछ |
| **वृष** | : धार्मिक कार्यले फाइदा हुनेछ | **वृश्चिक** | : आम्दानी राम्रो हुनेछ |
| **मिथुन** | : मन खिन्न बनाउन सक्छ | **धनु** | : आतिथ्यपूर्ण सम्मान पाइनेछ |
| **कर्कट** | : दिन उत्साहपूर्ण बन्नेछ | **मकर** | : प्रेमको बन्धन कसिन सक्नेछ |
| **सिंह** | : नयाँ ज्ञान सिक्ने अवसर मिल्नेछ | **कुम्भ** | : चुनौतीहरु देखा पर्न सक्नेछ |
| **कन्या** | : व्यावसायिक यात्राको सम्भावना छ | **मीन** | : व्यवसायमा सामान्य फाइदा हुनेछ |

# अनलाइन हिंसाबाट संकटमा बालबालिका



✍ गोविन्द खड्का

> नेपालको कानुनी प्रणालीले अनलाइन यौन दुर्व्यवहारविरुद्ध कडा कानुनी उपायहरू अपनाएको छ । २०७५ सालमा पारित 'सूचना प्रविधि ऐन' ले अनलाइन अपराध र साइबर अपराधका लागि स्पष्ट कानुनी दायरासम्म प्रबन्ध गरेको छ । यस ऐनको धारा ४७ मा अनलाइन यौन दुर्व्यवहारलाई अपराधका रूपमा मान्यता दिएको छ र दोषीलाई कडा सजायको प्रावधान गरिएको छ ।

आजको डिजिटल युगमा, अनलाइन प्लेटफर्महरूले बालबालिकाका लागि अनगिन्ती अवसर र सम्भावनाहरू खोलिदिएका छन् । तर यसका साथै, यिनै प्लेटफर्महरूले बालबालिकाहरूलाई अनलाइन यौन दुर्व्यवहारजस्ता खतरनाक समस्यासँग पनि सामना गराइरहेका छन् । अनलाइन यौन दुर्व्यवहारको सामना गरिरहेका बालिकाहरूको कथा कुनै एक परिवारको मात्र होइन, सामूहिक समस्या हो । यस लेखमा एक विशेष बालिकाको कथामार्फत यस्ता दुर्व्यवहारबाट जुध्न र पुनःस्थापना गर्नका लागि गरिने प्रयासहरू अनि यो यात्रा कति कठिन छ भन्ने कुरा दर्शाउन खोजिएको छ ।

**बालिकाको अनुभव :**

राधिका (नाम परिवर्तन) एक १४ वर्षीया किशोरी हुन् । उनीसँग व्यक्तिगत मोबाइल छ । घरमा इन्टरनेट पनि छ । बुबाआमाले मोबाइल धेरै हेरेको मन पराउँदैनन् । तर, पढ्नका लागि मोबाइल आवश्यक हुन्छ भनेर उनी मोबाइल साथै राख्छिन् । पढ्दा पनि मोबाइल चलाइरहन्छिन् । कक्षा ९ मा पढ्ने राधिका मोबाइल चलाउँदा चलाउँदै एक अपरिचित पुरुषसित फेसबुकमा जोडिइन् । बिस्तारै हेलो-हाई कुरा हुन थाल्यो । सुतेपछि झन् कुरा बाक्लियो । राति अबेरसम्म मायाप्रेमका कुरासम्म हुन थाले । च्याटको कुराकानी भिडियो कलसम्म पुग्यो ।

राधिकाले कुरा गर्ने युवा उनले बताएअनुसार २४ वर्षका थिए । कुरा हुन थालेको ६ महिनापछि ती युवाले राधिकालाई भिडियोमै टिसर्ट खोलेर छाती देखाउन भने । राधिकाले त्यसै गरिन् । ती युवाले नाङ्गो फोटो मागे, राधिकाले त्यो पनि पठाइन् । भेट भने भएको थिएन । राधिकालाई एकदिन ती युवाले बोलाएर यौन प्रस्ताव राखे । राधिका डराइन् र उनले यस विषयमा अरूसँग कुरा गर्न सकिनन् ।

अझ गम्भीर कुरा त के भने, ती व्यक्तिले राधिकाको व्यक्तिगत जानकारी संकलन गर्दै, उनलाई धम्की दिन थाले कि 'यदि उनले आफ्नो प्रस्ताव नमानेमा ती जानकारी सार्वजनिक गरिनेछ ।' राधिका मानसिक रूपमा अति नै तनावमा थिइन् । राधिकाको आत्मसम्मान र विश्वास गहिरोरूपमा ह्रास भएको थियो ।

**परामर्श, न्याय र पुनःस्थापनामा कठिनाइ :**

राधिका र उनको परिवारले अनलाइन यौन दुर्व्यवहारको बारेमा थाहा पाएपछि, सबैभन्दा पहिले प्रहरीलाई जानकारी दिनु थियो । प्रहरीलाई जानकारी दिइयो । तर, यस प्रक्रियामा राधिकाका लागि धेरै कठिनाइहरू आए । अनलाइन प्लेटफर्महरूमा भएको अपराधको पहिचान गर्न र प्रमाण जुटाउन प्रहरीलाई कठिनाइ भयो । युवाले नक्कली आईडी बनाएर कुरा गरेका थिए । अनुसन्धानको प्रक्रिया ढिलो भयो ।

मानसिक रुपमा विछिप्त हुँदै गएकी राधिकाले लामो हिंसामा परेको ६ महिनापछि मात्रै घरमा दिदीलाई कुरा खोलेकी थिइन्, दिदीमार्फत परिवारको जानकारीमा आएको थियो । बिस्तारै उनको कुरा समाजमा पुग्यो । त्यसले झन् राधिकालाई सहजभन्दा असहज भयो । यौन हिंसामा परेका व्यक्तिहरूलाई परामर्श, न्याय र पुनःस्थापना प्रक्रियामा विभिन्न कठिनाइहरूको सामना गर्नुपर्छ । राधिकाले पनि त्यसको सामना गरिन् । मानसिक र शारीरिक आघातका कारण उपचारमा कठिनाइ भयो । समाजमा कलंक र अपमानको सामना गर्दा सामाजिक समर्थनको अभावले परिवारलाई समस्या भयो ।

राधिकाका लागि पुनःस्थापना प्रक्रिया आफैँमा एउटा कठिन यात्रा थियो । परिवार र साथीहरूको निरन्तर समर्थनले उनलाई सशक्त बनाउन मद्दत त गऱ्यो तर सजिलो भएन । बालअधिकार र अनलाइन सुरक्षाबारेको चेतनाको अभाव भएका राधिकाजस्तो समस्या हिंसामा पर्ने हरेक बालिकाले भोग्नुपर्छ । सहानुभूति र मनोवैज्ञानिक सशक्तीकरणबाट मात्र यस्ता बालिकालाई बलियो बनाउन सकिन्छ, जुन कुरा भइरहेको छैन ।

यसका साथै, समुदायको भूमिका अत्यन्तै महत्त्वपूर्ण छ । राधिकाजस्तै अन्य बालिकाहरूलाई सशक्त बनाउनका लागि विद्यालय, समाज र सरकारहरूले बालअधिकार र अनलाइन सुरक्षासम्बन्धी शिक्षा प्रदान गर्नुपर्छ । यो प्रकारको हिंसाविरुद्ध अभियानहरू र कानुनी सहयोग प्रदान गर्नुपर्छ ।

**कानुनी उपाय र न्यायको माग :**

संविधानको मौलिक हकअन्तर्गतको धारा ३९ ले कुनै पनि बालबालिकामाथि कुनै पनि माध्यमबाट शारीरिक या मानसिक यौनजन्य दुर्व्यवहार गर्न नपाइने उल्लेख छ । आफूमाथि भएको यौनशोषणबारे बालबालिकाले हिंसा हो भनेर बुझेका छैनन्, अभिभावकहरू चासो राख्दैनन् । त्यसकारण अनलाइन बाल यौन हिंसा बढिरहेको छ ।

विद्युतीय कारोबार ऐन २०६३ अनुसार सामाजिक सञ्जालमा अन्य व्यक्तिको नाम तथा तस्वीर प्रयोग गरेर, प्रोफाइल खोलेर बेइज्जत गर्ने तथा दुःख दिने, इमेलमार्फत जथाभावी धम्की दिने तथा नगद माग गर्ने, विभिन्न किसिमका नग्न तस्वीरमा व्यक्तिको अनुहार जोडी इन्टरनेटमा राख्ने, अनलाइनबाट धम्कीपूर्ण सन्देश पठाउनेजस्ता क्रियाकलाप अपराध हुन् । ऐनअनुसार यस्ता अपराधलाई १ लाखसम्म जरिवाना र ५ वर्षसम्म कैद वा दुवै सजाय हुने प्रावधान छ ।

ऐनमा पीडितले ३५ दिनभित्र नजिकको प्रहरी कार्यालयमा उजुरी गर्नुपर्ने प्रावधान छ । अधिकांश पीडित ढिलो उजुरी दिन आउने हुँदा दोषीलाई कारबाहीको दायरामा ल्याउन मुस्किल हुने प्रहरीको दाबी छ । यस्ता घटनालाई सार्वजनिक हुनै नदिने, भइहालेमा उजुरीपश्चात् पीडक/पीडितबीच आर्थिक लेनदेनमा मिल्ने प्रवृत्तिले गर्दा हिंसापीडित बालबालिकालाई न्याय दिलाउन समस्या भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

नेपालको कानुनी प्रणालीले अनलाइन यौन दुर्व्यवहारविरुद्ध कडा कानुनी उपायहरू अपनाएको छ । २०७५ सालमा पारित 'सूचना प्रविधि ऐन' ले अनलाइन अपराध र साइबर अपराधका लागि स्पष्ट कानुनी दायरासम्म प्रबन्ध गरेको छ । यस ऐनको धारा ४७ मा अनलाइन यौन दुर्व्यवहारलाई अपराधका रूपमा मान्यता दिएको छ र दोषीलाई कडा सजायको प्रावधान गरिएको छ । नेपालमा अनलाइन यौन दुर्व्यवहारका सिकार भएका बालबालिकाको पुनःस्थापनाका लागि कानुनी व्यवस्था केही प्रमुख धारामा आधारित छन् ।

**सुरक्षासम्बन्धी कानुन र चुनौतीपूर्ण तथ्यांक :**

बालबालिका अधिकार ऐन, २०७५ ले बालबालिकाको शारीरिक र मानसिक सुरक्षा सुनिश्चित गर्ने अधिकार सुनिश्चित गरेको छ । अनलाइन यौन दुर्व्यवहारका सिकार भएका बालबालिकालाई उपचार, परामर्श र सुरक्षित वातावरणमा राख्नको लागि प्रावधान छन् ।

यस ऐनमा अनलाइन अपराधका लागि दण्डको प्रावधान छ, जसमा यौन उत्पीडन वा बलात्कारसम्बन्धी सामग्रीको साझा गर्नु, बाल यौनशोषणका दृश्यहरू निर्माण वा वितरण गर्नुजस्ता क्रियाकलापलाई रोक्नको लागि कानुनी कडाइ गरिन्छ । बाल यौनशोषण र दुर्व्यवहार रोकथाम ऐन, २०६३ पनि छ । यस ऐनले बाल यौनशोषण र दुर्व्यवहारका घटनालाई कडारूपमा दण्डित गर्दछ । अनलाइन शोषणको घटनामा संलग्न व्यक्तिहरूलाई दण्ड दिने प्रावधान छ ।


पुनःस्थापनाका उपायहरू ऐनमा व्यवस्था गरिएका छन् । पीडित बालिकाको मानसिक र शारीरिक उपचारका लागि सरकारी र गैरसरकारी संस्थाहरूले विभिन्न कार्यक्रम सञ्चालन गर्छन् । बालिका पुनःस्थापना केन्द्रहरू, परामर्श सेवाहरू र परिवारलाई सहयोग दिने प्रावधानहरू छन् । नेपालमा यस्ता कानुनी प्रावधानहरू भए तापनि कार्यान्वयनमा चुनौती छ । अनलाइन प्लेटफर्महरूमा हुने यौन दुर्व्यवहारका घटनाहरूको उचित ट्र्याकिङ र नियन्त्रण गर्न कानुनी प्रावधानहरूलाई अझ प्रभावकारी बनाउन जरुरी देखिन्छ ।

प्रहरीको तथ्यांकअनुसार राधिकाजस्तै अनलाइन यौन दुर्व्यवहार खेप्ने बालबालिकाको अवस्था र तथ्यांक डरलाग्दो छ । आर्थिक वर्ष २०७६/७७ मा १३ वटा, २०७७/७८ मा २१, २०७८/७९ मा १६, २०७९/८० मा १५, २०८०/८१ मा ६ र चालू आर्थिक वर्षमा अहिलेसम्म ६ वटा मात्रै उजुरी दर्ता भएका छन् । यद्यपि, वास्तविक घटना अझ बढी हुनसक्छन्, किनकि धेरैजसो घटना रिपोर्ट हुँदैनन् ।

संयुक्त राष्ट्रसंघका अनुसार संसारभरमा औसतमा हरेक आधा सेकेन्डमा एकजना बालबालिका पहिलोपटक अनलाइनमा आइरहेका छन् । अर्थात् बालबालिकाले इन्टरनेटमा बिताउने समय अभूतपूर्वरूपमा बढ्दो छ । सन् २०२३ मा संसारभरका १५ देखि २४ वर्षका युवाहरूमध्ये ७९ प्रतिशत अनलाइन रहेको अध्ययनमा पाइएको छ । अन्य उमेर समूहमा यो अनुपात ६५ प्रतिशत मात्र थियो । अनलाइन यौन दुर्व्यवहार र हिंसाले बालबालिकाको मानसिक र भावनात्मक स्वास्थ्यमा नै गहिरो प्रभाव पारेको छ तर परामर्श, न्याय र सशक्तीकरणका माध्यमबाट यस्ता पीडित बालिकाहरूलाई पुनःस्थापना र पुनर्जीवनको यात्रा पार गर्न सजिलो छैन । अनलाइन हिंसाबाट बालबालिकालाई जोगाउनका लागि अभिभावक, स्कूल र समाजले मिलेर काम गर्नु आवश्यक छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# सम्झना र बिर्सनामा सन् २०२४



✍ सोमबहादुर थापा

नेपालका लागि सन् २०२४ खासै उपलब्धिमूलक देखिएन । यो वर्ष पनि नेपालमा बाढी-पहिरो, दुर्घटना र भूकम्पका धक्का र झड्का जस्ता प्राकृतिक विपत्तिबाट अर्बौंको धनजनका तथा सम्पत्तिको क्षति बेहोर्नुपरेको अवस्था छ । समानुपातिक निर्वाचन पद्धतिका कारण नेपालको राजनीतिलाई अस्थिरता, अन्यौल तथा भ्रष्टाचारतिर धकेल्दै लगेको छ । यो निर्वाचन पद्धति हुँदा कुनै पनि दलले बहुमत प्राप्त गर्न सक्ने अवस्था रहन्न । गठबन्धनको मिलिजुली सरकारबाट कुनै पनि देशमा स्थिरता, आर्थिक तथा सामाजिक एवं पूर्वाधार विकास तथा उद्योग कलकारखानालगायत कृषि, पर्यटन र सांस्कृतिक विकास हुन सक्ने स्थिति छैन । २०५१ सालयताका हाम्रै देशका मिलीजुली सरकारका काम-कारबाहीहरूले देखाएका छन् । तर पनि नेपाल मिलिजुली सरकार बनाउनबाट बाहिरिन सक्ने देखिँदैन ।

नेपालमा बत्तीस सिट भएको पार्टीको नेतृत्वमा पनि गठबन्धनको सरकार बन्यो भने प्रतिनिधिसभाका दुई ठूला पार्टीहरूसमेतको बलियो सरकार गठन भएको छ । यसले पनि राजनीतिक सिथरता, विकास तथा समृद्धि र शान्ति ल्याउने लक्षण र संकेत देखाएको छैन । बितेको वर्ष भ्रष्टाचार नियन्त्रणका सवाल निकै उठे । तर पनि कुनै पनि पार्टीका सरकारले भ्रष्टाचार नियन्त्रणका लागि ठोस नीति, योजना, कार्यक्रम र लक्ष्य राखेको देखिएन । बरु राजनीतिक दलका नेताहरूले भ्रष्टाचार नियन्त्रण गर्नभन्दा दलका नेता तथा कार्यकर्ताहरूलाई कसरी चोखो पार्ने भन्नेमा नै आफ्नो ध्यान केन्द्रित गरेको देखियो । अदालत पनि भ्रष्टाचार नियन्त्रणभन्दा पार्टीका नेता तथा कार्यकर्ता चाख्याउन लागेको टीकाटिप्पणी बाक्लिएको छ ।

देशमा दिनदिनै बढ्दै गएको महँगी, बेरोजगारी तथा अन्यौलता र भ्रष्टाचारले नेपाली राजनीति, समाज, र प्रशासन विकृत बनाउँदै लगेको छ । हरसंस्थामा भ्रष्टाचार बढ्दै गएकाले विदेशी दाताहरू नेपालमा आर्थिक सहयोग गर्नबाट पछि हट्न थालेका छन् । नेपाली राजनीति, प्रशासन र समाजमा अनियमितता र भ्रष्टाचारले यति बलियो जरा गाडिसकेको छ कि यसलाई हल्काफुल्का प्रयासले उखेल्न सकिने अवस्था छैन । सहकारी संस्था तथा बैंक र वित्तीय संस्थाहरूको रकम अपचलन गर्ने र दुरूपयोग गर्नेमा राजनीतिक दलका नेता तथा कार्यकर्ता धेरै देखिएका छन् ।

यिनले गैरसरकारी संस्थाहरूको रकम पनि त्यस्तै रूपले अपचलन गरेको चर्चा गर्ने गरिन्छ । तर त्यस्ता नेता कार्यकर्तामाथि निष्पक्ष र स्वतन्त्ररूपले अनुसन्धान गरी निष्पक्षरूपले कानुनी कारबाही गर्ने प्रयास कुनै पनि पार्टीका सरकारले देखाएनन् । त्यसकारण सुशासन, समृद्धि र शान्तिको चाहना यस वर्ष पूरा अधूरै रहन गयो । सरकारले भर्खरै सहकारी सम्बन्धी अध्यादेश जारी गरेको छ । यसले सहकारी पिडितलाई सहत दिने वा उनीहरूको डुबेको बचत रकम फिर्ता गर्नेसम्बन्धमा कुनै प्रावधान राखेको देखिँदैन । संघीय संसद्को अधिवेशन बस्ने बेलामा सरकारले संसद् छल्दै अध्यादेश ल्याउनु गैरसंवैधानिक र गैरलोकतन्त्रिक कदम हो । यो सरकारलाई उल्टो बाटो हिँड्न पर्ने बाध्यता किन पर्यो ?

अन्तर्राष्ट्रिय जगतमा पनि यो वर्ष सकारात्मक सन्देश वा माहौल छाएनन् । विश्वमा जताततै युद्ध, द्वन्द्व, आतंकवाद चलिरहेछ । यी घटनामा विश्वका महाशक्ति राष्ट्रहरूकै संलग्नता देखिन्छ । रसिया-युक्रेन युद्ध, अरब-इजरायल युद्धका कारण लाखौं जनताको ज्यान गइसकेको छ र करोडौं जनता घरबारबिहीन र अपांङ्ग बन्न गएका छन् । आरक्षणको विरोधमा सडकमा उत्रेका विद्याथीहरू माथि राज्य आतंक र दमनको शिकार बंगलादेशमा सोह्र वर्षसम्म शासन गरेकी शक्तिशाली प्रधानमन्त्री शेख हसिना सत्ताबाट मात्रै लखेटिइनन् । देशै छाड्दै सपरिवार विदेश भाग्न बाध्य भइन् ।

दक्षिण कोरियाका राष्ट्रपति युन सुक यउलले विपक्षी दलहरूलाई तह लगाउन अराष्ट्रवादीको आरोप लगाउँदै देशमा २०२४ डिसेम्बर ३ तारिखको मध्यरातमा सैनिक शासन लागू भएको घोषणा गरे । राष्ट्रपति युन सुकले सैनिक शासन लागू गरेको घोषणा गर्नासाथ राष्ट्रपतिलाई जिताउने तिनै जनताले राष्ट्रपति युन सुकको सैनिक कदमविरुद्ध सडकमा उत्रिएर विरोध जनाए । जनता कसैका दास होइनन् भन्ने यो घटनाले देखाएको छ ।

तर नेपालमा जनता मात्रै होइनन्, दलका नेता पनि शीर्ष नेताका दास नबने भीम रावल बनाइन्छन् भन्ने घटना भर्खरै मञ्चन भएको छ । दक्षिण कोरियाको संसद, नेशनल एसेम्लीले सैनिक शासनलाई अमान्य घोषित गर्नुका साथै राष्ट्रपति युन सुक यउलमाथि महाभियोग लगाएर छाड्यो । दक्षिण कोरियाका कार्यवाहक राष्ट्रपतिमाथि पनि महाभियोग प्रस्ताव पारित भएको र निलम्बित राष्ट्रपति युन सुकविरुद्ध भ्रष्टाचारसम्बन्धी मुद्दामा पक्राउ पुर्जी जारी गरिएको छ ।

यस घटनाले दक्षिण कोरियामा राजनीतिक संकट दिनहुँ निम्त्याएको छ । यस्तै राजनीतिक अन्यौलता घेरिएको दक्षिण कोरियामा भर्खरै जेजु एअर प्लेन दुर्घटना हुन पुग्यो, जहाँ एक सय ७९ यात्रुको मृत्य हुन गएको छ । शान्ति र समृद्धि तथा विकासले चमत्कारपूर्ण गति लिएको दक्षिण कोरियामा विपत्तिका घटना एकपछि अर्को हुनुलाई दुभार्ग्यपूर्ण भन्नुपर्छ ।

सिरियामा विद्रोहीहरूले विगत चौबीस वर्षदेखि रसियाको आडमा निरंकुश र बर्बर शासन गरिरहेका वसहर अल असदलाई लखेटेरै छाडे । चौवन्न वर्षसम्म सिरियामा असदका बाबु-छोराकै निरंकुश शासन चलेको थियो । हाल उनी रसियामा शरण लिइरहेका छन् । उनको भविष्य के हुन्छ ? अझै अन्यौलमै छ ।

यसवष भारतले भद्र स्वभावका नेता तथा पूर्व प्रधानमन्त्री डा. मनमोहन सिंहलाई गुमाउन पुग्यो । प्रशासनबाट क्यारिएर शुरु गरेर देशको अर्थमन्त्री र प्रधानमन्त्री बन्न सफल सिंहले देशमा आर्थिक सुधार र उदारवाद तथा खुलापनको नीति प्रार्दुभाव गरी आज भारतलाई विश्वको एक आर्थिक दृष्टिले सशक्त राष्ट्र बनाउने काम गरेका छन् । उनले अर्थमन्त्री हुँदा पुरानो राजनीतिक ट्र्याक समाजवादी धारलाई विदा गर्दै अर्थतन्त्र र व्यापार व्यवसायमा उदारवाद र खुलापनको नीति अवलम्बन गर्दै भारतलाई आर्थिक रूपले सम्पन्न बनाउन सके ।

संघीय संसद् र प्रदेशसभामा चालिस प्रतिशतको समानुपातिक व्यवस्थासँगै अस्थिरताका अतिरिक्त अनेक किसिमका विकृति देखिएका छन् । नेपालको संघीय संसद् र सात प्रदेश सभाको योग्यता, दक्षता र प्रभावकारिता राष्ट्रिय पञ्चायतकालीनभन्दा पनि खस्केर गएको छ ।

हाम्रा राजनीतिक दलका नेताहरू अझै निर्वाचित कार्यकारी राष्ट्रपति, पूर्णसमानुपातिक निर्वाचन जस्ता नारा निकाल्न छाड्दैनन् । आफू असफल भएको कुनै नेता स्वीकार्दैनन्, बरु दिनदिनै उग्र नारा दिएर जनतालाई भ्रमित पार्न खोज्छन् । यिनको चाहना र सपना तानाशाही शासक बन्ने हो । सँगै राज्य स्रोत-साधनमा कब्जा जमाउँदै निरन्तर शासन चलाउने नै हो ।

नेपाल भारतअगावै आर्थिक खुलापन र उदार नीति अबलम्वन गरे पनि संरक्षणवाद र उदारवादको दोधारमा हिँड्दा नेपालले आर्थिक विकासमा फड्को मार्न सकेन । नेपालमा अनावश्यक सरकारी संरचना र सार्वजनिक संस्थाहरू पाल्नाले राष्ट्रलाई वर्षेनी अर्बौंको क्षति बेहोर्न बाध्य पारिएको अवस्था छ । नेपालमा सरकार मितव्ययी, सार्वजनिक साधन-श्रोतको हिनामिना, भ्रष्टाचार नियन्त्रणमा प्रभावकारी बन्न सकेको देखिएन । अनावश्यक आयोग र समिति गठन गरी जनतालाई करको बोझ थप्न सरकार लागिपरेको देखिन्छ ।

अमेरिकामा राजनीतिबाट धेरै टाढा धकेलिएका पूर्वराष्ट्रपति डोनाल्ड फेरि बितेको वर्ष राष्ट्रपतिमा भारी मतले विजयी भएका छन् । उनको जितसँगै विश्वभरि अचम्म मानिँदैछ । तर, अमेरिकी लोकतन्त्रमा जनता नै सर्वेसर्वा र अन्तिम निर्णायक हुन् भन्ने प्रमाणित हुन गएको छ । अमेरिकालाई महान बनाउने, सरकारी खर्च एक तिहाई घटाउने तथा भन्सार शुल्क बढाउने नीति कार्यान्वयनमा उनी कति सफल होलान् । त्यो समयले देखाउनेछ । तर उनले सरकारी खर्च घटाउन विश्वप्रसिद्ध धनाढ्य मस्कलाई जिम्मेवारी दिइसकेका छन् ।

यस वर्षको अन्तिममा अमेरिकाका पूर्व राष्ट्रपति तथा मानव अधिकार र विश्व शान्ति तथा लोकतन्त्रका पुजारी मानिने जिम्मी कार्टरको पनि निधन भएको छ । नेपालका नेताहरूले अस्थिरता, अन्यौलता र भ्रमको राजनीतिलाई छोडेर लोकतान्त्रिक अभ्यासबाटै देशमा विकास, समुन्नति र शान्ति ल्याउन सकिन्छ भन्ने पाठ मनमोहन सिंह र जिमी कार्टरबाट पाठ सक्नुपर्छ ।

*(साभार: बाह्रखरी)*

# ओलीलाई सजिलै सत्ता चलाउन नदिने प्रचण्डको संकेत

काठमाडौं /आइतबार नेकपा एमालेका अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली दिनभरजसो पार्टी मुख्यालयस्थित ललितपुरको च्यासलमा थिए । पार्टीभित्र ओलीको चर्चा हुनु स्वभाविक हो । तर, ओलीको चर्चा धुम्बाराहीस्थित एउटा ब्याङ्क्वेटमा चलेको माओवादी केन्द्रको केन्द्रीय समितिको बैठकमा पनि उस्तै थियो ।



कारण- माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको राजनीतिक प्रतिवेदन, जहाँ ओलीलक्षित कार्यक्रमअन्तर्गत सरकारको आलोचनादेखि सदन र सडक आन्दोलनसम्मका विषय समावेश छन् । ओली नेतृत्वको सरकार माओवादी केन्द्र नेतृत्वको सरकारको सुशासन र भ्रष्टाचारविरोधी अभियान रोक्न बनेको र त्यसअनुसार गतिविधि गर्दै अगाडि बढिरहेको प्रचण्डको विश्लेषण छ ।

'सरकार एकपछि अर्को ढंगले नांगिँदै गएको छ । हाम्रो नेतृत्वमा सरकार रहँदा जुन खालको सुशासन र भ्रष्टाचारको विरुद्धमा पहलकदमी लिइएको थियो त्यो वर्तमान सरकारले छाडेको छ,' प्रचण्डको निचोड छ, 'समग्रमा केपी ओली नेतृत्वको सरकार जनताको पक्षमा छैन ।' यो कुरा सदन र सडकबाट जनतासम्म पुऱ्याउने गरी कार्यक्रम बनाउने प्रचण्डको प्रस्ताव छ ।

'सरकार, सदन र सडक तीनवटा मोर्चामार्फत जनतासँग जोडिने हो । सरकारमा नभएकाले हामीले सडक र सदनको उपयोग गर्ने नै हो,' प्रचण्डले भनेका छन् । सदन र सडकको उपयोग गर्दा नेताहरूको भूमिका तोकेर अगाडि बढ्ने प्रचण्डको प्रस्ताव छ । उनले भनेका छन्, 'पार्टीको मूल नेतृत्व र संसद्मा रहेका कमरेडहरू सदनलाई नै मुख्य मोर्चा बनाएर अगाडि बढ्नुपर्छ । बाँकी नेतृत्व पंक्ति र अन्य सबै तहका नेताहरू स्थानीय सरकारको सहयोग लिएर सडकमा जाऔं ।'

यसो गर्दा सरकारप्रतिको खबरदारीसँगै जनताको एजेन्डा स्थापित गर्न र पार्टी निर्माणलाई नयाँ ढंगले अगाडि बढाउन सकिने प्रचण्डको विश्वास छ । प्रचण्डले आफ्नो प्रतिवेदनमा पनि यही भनेका छन्, 'सडक र सदनको उपयोग पार्टीको तत्कालको नीति हुनेछ ।'

जनतामा जाने अभियान अन्तर्गत प्रचण्डले पहिलो चरणमा हुलाकी राजमार्गकेन्द्रित तराई-मधेशको अभियान चलाउने र त्यसपछि मध्यपहाडी राजमार्गमा अभियान सञ्चालन गर्ने प्रस्ताव अगाडि सारेका छन् । यसअघि प्रतिपक्षमा रहँदा एमालेले पनि राजमार्गकेन्द्रित अभियान सञ्चालन गरेको थियो । उस्तै प्रस्ताव माओवादीमा प्रचण्डले ल्याएका हुन् ।

प्रचण्डले क्रान्तिकारी शक्तिहरूबीच एकता र सहकार्यको प्रस्ताव पनि गरेका छन् । प्रतिवेदनमा भनिएको छ, 'पार्टीको नीतिअन्तर्गत क्रान्तीकारी शक्तिहरूबीच एकता र ध्रुवीकरणमा जोड दिइनेछ ।'

माओवादी उपाध्यक्ष अग्निप्रसाद सापकोटाका अनुसार ती क्रान्तीकारी शक्तिअन्तर्गत माधवकुमार नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी, नेकपा बहुमत, नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपा र प्रभु साह नेतृत्वको आम जनता पार्टीलगायत हुन् । 'वैज्ञानिक समाजवाद मान्नेहरूसित एकताको लागि पहल गर्ने । यसो हुँदा नेकपा विप्लव, नेकपा बहुमत, एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी र प्रभु साह नेतृत्वको आम जनता पार्टीसँग एकताको लागि पहल गर्ने कुरा भएको छ,' उपाध्यक्ष सापकोटाले भने ।

प्रचण्डले एमाले नेतृत्वले संक्रमणकालीन न्यायसँग सम्बन्धित विषयलाई दाउपेचको विषय बनाएको आरोप पनि लगाएका छन् । संक्रमणकालीन न्यायको कामलाई एमालेले राजनीतिक दाउपेचको विषय बनाउँदा आयोग गठनमा ढिलाइ टिप्पणी प्रचण्डले आफ्नो राजनीतिक प्रतिवेदनमा गरेका हुन् ।

संक्रमणकालीन न्यायबारे प्रचण्डले भनेका छन्, 'एमालेले सरकारमा रहँदा एउटा र प्रतिपक्षमा रहँदा अर्कै कुरा गर्दै आएको छ । हामीसँग सहकार्यमा हुँदा अलि नरम र सहकार्य टुटेपछि धेरै गरम हुँदा टीआरसी अगाडि बढाउन पूरै ढिलासुस्ती भएको छ ।'

सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारि एका व्यक्तिको छानबिन आयोग २०७९ साउनदेखि पदाधिकारीविहीन छन् । पछिल्लो समयमा गठित पदाधिकारी सिफारिस समिति पनि जिम्मेवारी पूरा गर्न नसकेर स्वत: निश्कृय भएको छ । यहीँनेर प्रचण्डले सरकार र प्रधानमन्त्री ओलीको आलोचना गरेका हुन् ।

अर्थात, माओवादी अध्यक्ष प्रचण्डले एमाले अध्यक्ष ओलीलाई सजिलै सत्ता चलाउन नदिने संकेत गरेका छन् । माओवादी केन्द्रका एक केन्द्रीय सदस्यका अनुसार प्रचण्डले आफू सत्ता राजनीतिमा कुन तहमा छलफलमा रहेको र सत्तामा रहेका दलमाथि खबरदारी नराखे कस्तो समस्या आउन सक्छ भनेर प्रष्ट्याउन खोजेका छन् । तीन नेता भन्छन्, 'टिआरसीमा एमालेको दाउपेच देखाएर प्रचण्डले पार्टी भित्रको अन्तरविरोधलाई काम गर्न खोजेका छन् भने पार्टीलाई जनतामा लैजाने कार्यक्रम ल्याएर ऊर्जा भर्न खोजेका छन् ।'

### अन्तरविरोधलाई छलफलमा लैजाने

पार्टीभित्रको अन्तरविरोधलाई छलफलमा लैजाने भनेर प्रचण्डले आफूलाई नरम रूपमा देखाउन खोजेका छन् । खासगरी, उपमहासचिव जनार्दन शर्माले प्रचण्डलाई लक्षित गरेर फरक प्रस्तावको तयारी गरिरहेका बेला प्रचण्डले त्यसमा आफू नरम रहेको संकेत गरेका हुन् ।

प्रचण्डले भनेका छन्, 'वैचारिक बहसलाई नवौं महाधिवेशनमा टुंगो लगाऔं । हामीभित्र रहेका सबै विचारबारे वैचारिक मोर्चा बनाएर छलफल अहिलेदेखि नै चलाऔं ।' आफू नवौं महाधिवेशनबारे प्रष्ट रहेको भन्दै प्रचण्डले केन्द्रीय सदस्यहरूलाई दुई विकल्प दिएका छन् । पहिलो- अहिलेको केन्द्रीय समितिलाई महाधिवेशन आयोजक समिति बनाएर जाने । दोस्रो - ६ महिना विभिन्न अभियान चलाएर त्यसपछि फेरि केन्द्रीय समितिको बैठक राखेर निर्णय गर्ने ।

उनले भनेका छन्, 'अहिले नै महाधिवेशन आयोजक समिति बनाएर जान पनि कुनै समस्या छैन । ६ महिना विभिन्न अभियान चलाऔं र जनतामा एक खालको ऊर्जा भरेर अगाडि बढौं भन्ने मेरो अर्को प्रस्ताव छ । यी दुई विषयमा यहाँहरूले प्रष्ट धारणा राख्नुहोला ।' नेता कार्यकर्तालाई प्रष्ट पार्ने प्रयासअन्तर्गत प्रचण्डले चुनावी गठबन्धनबारे बोलेका छन् । माओवादी उपाध्यक्ष सापकोटा भन्छन्, 'चुनावमा गठबन्धन नगरी एक्लै चुनाव लड्ने संकल्प प्रतिवेदनमा आएको छ ।'

यहीँनेर प्रचण्डले चुनवाङ बैठक सम्झिएका छन् । 'चुनवाङ बैठकमा हामीले गणतन्त्रमा जाने भन्दै गर्दा प्राप्त हुने गणतन्त्रलाई बुर्जुवाले आफू अनुकुल प्रयोग गर्न खोज्छन् भनिएको थियो अहिले त्यही अवस्था छ । अब प्राप्त गणतन्त्रलाई हामीले हाम्रो अनुसार बनाउन प्रयास गर्नुपर्छ ।' प्रचण्डका अनुसार गणतन्त्रको स्वीकारोक्ति जनतामा छ । '२० वर्षसम्म गणतन्त्रप्रति जनताले प्रश्न उठाएनन् । यो सर्वस्वीकार्य हो । अब यसलाई अझ बलियो बनाउन संविधान संशोधनका विषय उठाएर मुलुकलाई प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखमा लानुपर्छ, पूर्ण समानुपातिक निर्वाचन प्रणाली लगायत संविधानमा राखेको नोट अफ डिसेन्ट अगाडि बढाउनुपर्छ ।'

राज्यका सबै संयन्त्रमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने, दलित र मुस्लिमको अधिकार प्रयोगका लागि वातावरण बनाउन पहल गर्ने, संसद् सदस्य बाहिरबाट मन्त्री बनाउने व्यवस्था राखेर भ्रष्टाचार कम गर्ने वातावरणका लागि पहल गर्ने प्रचण्डको प्रस्ताव छ । आइतबार प्रचण्डले ३० पेजको 'पार्टी रुपान्तरण र पुर्ननिर्माणको संकल्प, आजको ऐतिहासिक आवश्यकता' शीर्षकको राजनीतिक प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रतिवेदनमा जातीय र क्षेत्रीय मोर्चालाई क्रियाशील गराउने लगायतका विषय पनि छन् ।

प्रतिवेदनमा भूराजनीति र अन्तर्राष्ट्रिय परिवेशलगायतका विषयसमेत समेटिएका छन् । जसमा युद्धकालीन समयमा जस्तै जातीय क्षेत्रीय मोर्चाहरूलाई सक्रिय पार्ने प्रस्ताव छ । 'पहिचानका मुद्दा ओझेलमा पर्न गएकोमा आत्मालोचना सहित उत्पीडित वर्गमा जानुपर्छ,' प्रचण्डले छन्, 'जातीय क्षेत्रीय मोर्चालाई सक्रिय बनाएर लैजानुपर्छ ।'

माओवादीले युद्धकालीन समयमा राष्ट्रिय मुक्तिको एजेन्डालाई अगाडि सार्दै उत्पीडित जाति र क्षेत्रीय मुक्तिका लागि भन्दै विभिन्न जातीय र क्षेत्रीय मोर्चाहरूको अभ्यास गरेको थियो । त्यसलाई फेरि नयाँ ढंगले अगाडि बढाउने प्रचण्डको प्रस्ताव छ । भूराजनीति र विश्व परिवेशबारे पनि प्रचण्डले व्याख्या गरेका छन् । प्रचण्डका अनुसार एकध्रुवीय विश्वको चर्चा खण्डित भइसकेको छ ।

'अन्तर्राष्ट्रिय परिस्थिति एक ध्रुवीय विश्वको चर्चा पश्चिमाहरूले गरिरहेका थिए । त्यो अहिले रहेन,' प्रचण्डले बैठकमा भनेका छन्, 'चीनलाई घेरा हाल्न अमेरिका रणनीतिसहित आएको छ । समग्र पश्चिमा नै चीनविरुद्ध घेरा हाल्न लागेको छ ।' त्यसको प्रतिवाद चीनले आफ्नो ढंगले अघि बढाएको उल्लेख गर्दै प्रचण्डले भनेका छन्, 'यसले विश्वको चर्चालाई खण्डित गरेकै छ । यो अवस्थामा नेपालमा विभिन्न खालका ध्रुवीकृत गतिविधि हुन सक्छन् । यसलाई ख्याल गरेर नेपालले पनि आफ्नो रणनीति बनाउनुपर्छ । बनाउँछ । यसमा हामीले पहलकदमी लिनुपर्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# 'वसन्त'ले मबाट धेरै कुरा खोसेको छ : प्रकाश सपूत



काठमाडौं /गायनबाट फिल्म अभिनयमा आएका धेरैको करिअर सुखद् बन्न सकेन । तर, प्रकाश सपूत अपवाद बनेका छन् । गत वर्ष आएको उनको डेब्यु फिल्म 'परदेशी २' सुपरहिट बन्यो । हाल प्रदर्शनरत उनी अभिनीत दोस्रो फिल्म 'पूर्णबहादुरको सारङ्गी'ले त व्यापारमा कीर्तिमानी नै बनाएको छ । अब धेरैको प्रतीक्षा उनी निर्देशित पहिलो फिल्म 'वसन्त'लाई लिएर छ, जुन चैत २२ गते रिलिज हुँदैछ ।

यो फिल्मको निर्माणका कारण उनले एक वर्षदेखि नयाँ गीत निकालेका छैनन् । देश तथा विदेशका कार्यक्रममा समेत सहभागी भएका छैनन् । यसैले उनलाई लाग्छ, आफूबाट 'वसन्त'ले धेरै कुरा खोसेको छ । आइतबार साँझ उनले फेसबुकमा फिल्मको एउटा पोस्टर सेअर गर्दै यो फिल्मले संगीतबाट कमाएको साथीभाई, स्टेजदेखि भोकनिन्द्रा सबै खोसेको उल्लेख गरेका छन् ।

'सारङ्गी'को प्रदर्शनमा समय दिन नपाएको प्रसंग समेत निकाल्दै उनले स्टाटसमा लेखेका छन्, 'सबैभन्दा महत्वपूर्ण योजना विपरित बीचमा एउटा चलचित्रको प्रदर्शनमा मैले समय दिन नपाएपछि केही शुभेच्छुकहरुको नजरबाट मेरो इमान खोसेको छ । यसबाहेक भोक खोसेको छ । निद्रा खोसेको छ र मभित्रको एक शान्त मानिस खोसेको छ । तर, एकबारको जुनीमा आफ्नै सपनाको यो हद छोएकोमा म दंगदास छु । उसै पनि मलाई विश्वास छ 'वसन्त'मार्फत नै समयले खोसिएका सबै फेरि फिर्ता दिनेछ ।'

प्रकाशले 'वसन्त'मा आफूभित्रका सबै रंगहरु पोखेको र आफ्नो प्रतिभाको दायरा यति नै रहेको जनाएका छन् । उनी लेख्छन्, 'यदि 'वसन्त' तपाईंलाई बबाल लाग्यो भने, म बबाल हुँ । यदि लागेन भने मेरो प्रतिभाको दायरा यति नै हो । मेरो सीमितता यहीसम्म हो । मैले यहाँभन्दा थप केही जान्दिनँ । यसो भनौ, म यो जन्मका लागि जम्माजम्मी यति नै हुँ 'वसन्त' जति ।'

प्रकाशले स्टाटसमा पोखेका भावनाले 'वसन्त'प्रति उनको अपेक्षा र आत्मविश्वास बोल्छ । फिल्ममा उनी स्वयं मुख्य भूमिकामा छन् भने उनको जोडी अभिनेत्री स्वस्तिमा खड्कासँग बाँधिएको छ । प्रकाशले फेसबुकमा सेअर गरेको पोस्टरमा उनी स्वयं बत्तिको उज्यालोमुनि किताब पल्टाएर खुसी भावमा देखिएका छन् । यसले फिल्ममा उनको पात्रलाई अध्ययनप्रति रुचि रहेको दर्शाउँछ ।

# 'बलिदान'का लागि भारतबाट ल्याइयो ४२ फिट अग्लो देवी कालीको मूर्ति



काठमाडौं/निर्माता तथा निर्देशक सन्तोष सेनले आफ्नो नयाँ फिल्म 'बलिदान'लाई ठूलो क्यानभासमा तयार पारिरहेका छन् । सेट निर्माणदेखि प्रप्ससम्म करोडौं खर्च गरिएको छ । फिल्मको क्लाइमेक्स खिच्न ४२ फिट अग्लो हिन्दू देवी कालीको मूर्ति समेत तयार पारि एको छ । फिल्मको कथाअनुरूप विनाशकी देवी कालीमाताको चण्डी स्वरूपलाई दर्शाउने मूर्ति भारतस्थित कलकत्ताबाट ल्याइएको हो ।

निर्देशक सेनले नेपालमा उपयुक्त मूर्ति नभेटेपछि कलकत्ता गएर त्यहाँका कालिगडहरूसँग मिलेर मूर्ति तयार गरिएको बताए । 'फिल्मका लागि हामीलाई एउटा विशाल कालीमाताको मूर्ति चाहिएको थियो । नेपालमा हामीले आफ्नो चाहनाअनुसारको मूर्ति पाएनौं । अन्तत: हामी भारतको कलकत्ता पुग्यौं । त्यहाँका कालिगडहरूसँग मिलेर मूर्ति निर्माण गऱ्यौं,' सेनले भने ।

क्लाइमेक्स खिचनका लागि मूर्तिलाई मोरङको हसिना सिमसारस्थित बुढासुब्बा मैदानमा राखिएको छ । मूर्तिले यो क्षेत्रलाई नै नयाँ पहिचान दिएको निर्देशक सेनको भनाइ छ । उनका अनुसार अहिले उक्त मैदानलाई 'काली चौर' भन्न थालिएको छ । यस क्षेत्रमा निर्माण भएका मञ्च र दुई सय बढी स्टलहरुले स्थानीयलाई रोजगारी दिनुका साथै मिनी बजार नै सञ्चालनमा आएको उनले बताए ।

निर्देशक सन्तोष सेनका अनुसार 'बलिदान'को छायांकन अन्तिम चरणमा पुगेको छ । यो साताभित्र फिल्म प्याकअप हुने उनले जानकारी दिए । छायांकन सकिएपछि टिजरसहित फिल्मको रिलिज मिति घोषणा गरिने उनले बताए । फिल्मलाई कुन मितिमा हलमा रिलिज गर्ने भन्ने निधो भइसकेको उनको भनाइ छ ।

फिल्ममा भारतीय एक्सन निर्देशक स्टन्डर सामको नेतृत्वमा ३० जनाको टोलीले अत्याधुनिक प्रविधिको प्रयोग गरेर एक्सन सिनको डिजाइन गरेको छ । 'बलिदान'को कथा नेपालको सार्वभौम भूमिमा भइरहेको अन्याय र समाजका तथाकथित नाइकेहरूको विरुद्धको संघर्षमा आधारित छ । यसमा समीर भट्ट, सौगात मल्ल, अर्पण थापा, ऋचा शर्मा, सन्तोष सेनलगायतको अभिनय छ ।

# संस्कृत विश्वविद्यालयको ९ सय बिघा जग्गा अतिक्रमण



काठमाडौं/नेपाल संस्कृत विश्वविद्यालयको नौ सय बिघा जग्गा अतिक्रमण भएको पाइएको छ । विश्वविद्यालयको जग्गा तथा सम्पत्ति खोजबिन गर्न गठित समितिले शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईलाई बुझाएको प्रतिवेदनमा राजनीतिक दलको संरक्षणमा जग्गा अतिक्रमण भएको उल्लेख छ ।

विश्वविद्यालयको १६ सय ६२ बिघा जग्गा रहेकोमा १३ सय ३६ बिघा देउखुरीमा छ । यसमध्ये ९ सय बिघा अतिक्रमण भएको हो । तीन सय २६ बिघा तुलसीपुर बेलझुन्डीमा छ । विश्वविद्यालय भएको ठाउँमा भने १० बिघा जग्गा अतिक्रमण भएको खोजबिन समितिको ठहर छ । विश्वविद्यालयको चार सय आठ बिघा जग्गामा मोही छ ।

जग्गा खोजबिन समितिका संयोजक उच्च अदालतका पूर्वन्यायाधीश शेखर पौडेलका अनुसार १० वर्षे द्वन्द्वको समयदेखि विश्वविद्याललयको जग्गा अतिक्रमण भएको देखिन्छ । तर, अतिक्रमणकारीको पहिचान गर्न भने समिति असफल देखिएको छ ।

'हामी जाँदा अतिक्रमण भएको ठाउँमा धान खेती लगाइएको देखियो । धान कसले लगाएको हो भन्ने पत्ता लगाउन सकिएन । तर, राजनीतिक दलकै संरक्षणमा भएको देखिन्छ,' उनले भने ।

अतिक्रमण गर्ने व्यक्तिको नाम कसैले पनि दिन नचाहेकाले यसमा थप खोजीको आवश्यक रहेको समितिको ठहर छ । 'अतिक्रमण गर्ने व्यक्ति न विश्वविद्यालयले भन्छ, न स्थानीयले । हामीले खोज्दा भेट्न सकेनौं । नाम लुकाइयो,' उनले भने । जग्गा अतिक्रमणमा विश्व विद्यालयका पदाधिकारीको संलग्नता भने नदेखिएको उनले बताए । 'विश्वविद्यालयका पदाधिकारी होइन पार्टीसँग सम्बन्धित व्यक्ति छन्,' पौडेलले भने । अतिक्रमण गर्ने व्यक्तिलाई खोजी गरेर कारबाही गर्न र जग्गा फिर्ता ल्याउन समितिले सरकारलाई सिफारिस गरेको छ ।

'जग्गा फिर्ता ल्याउन दलको सहमति आवश्यक छ । विश्वविद्यालय बनाउन दाताहरूले दिएको जग्गा फिर्ता ल्याउन सिफारिस गरेका छौं,' उनले भने । देउखुरीको जग्गा मजगैया परिवारले दिएको र तुलसीपुरको जग्गा विश्वविद्यालय बनाउन योगी नरेन्द्रनाथको संयोजकत्वमा संकलन गरिएको प्रतिवेदनमा उल्लेख छ ।

समितिले बुझाएको प्रतिवेदन प्रधानमन्त्री केपी ओलीलाई बुझाएपछि कार्यान्यनमा लगिने शिक्षामन्त्री भट्टराईले बताएकी छिन् । 'मन्त्रीज्यूले प्रतिवेदन अध्ययन गरेर कार्यान्यनमा लैजाने भन्नुभएको छ,' पौडेलले भने ।

प्रतिवेदन कार्यान्वयन गर्न स्थानीय सरोकारवाला, राजनीतिक नेतृत्व र विश्वविद्यालयको सक्रिय भूमिका आवश्यक हुने मन्त्री भट्टराईको भनाइ छ । सरकारले २० असारमा मन्त्रिपरिषद् बैठकबाट छानबिन समिति गठन गरेको थियो ।

समितिले नेपाल संस्कृत विश्वविद्यालयको दाङ जिल्लाका विभिन्न स्थानमा रहेको जग्गा तथा भौतिक पूर्वाधारहरूको स्थलगत अवलोकन, विश्वविद्यालय पदाधिकारी तथा कर्मचारीसँगको छलफल तथा अन्तरक्रिया एवं विभिन्न निकायसँगको समन्वयका आधारमा आवश्यक सूचना संकलन गरी उक्त प्रतिवेदन तयार पारेको हो । तत्कालीन शिक्षामन्त्री सुमना श्रेष्ठ मन्त्री हुँदा जग्गा खोजबिन समिति बनाइएको थियो ।

# 'स्टार्टअप उद्यम कर्जा' पाउन १३ सय १४ परियोजना प्रारम्भिक सूचीमा

काठमाडौं /सरकारले चालु आर्थिक वर्ष २०८१/८२ मा दिने घोषणा गरेको 'स्टार्टअप उद्यम कर्जा' का लागि १ हजार ३ सय १४ परियोजना प्रारम्भिक सूचीमा पर्न सफल भएका छन् । औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले कुल ५ हजार १ सय ५८ परियोजनाबाट प्रारम्भिक सूची प्रकाशित गरेको छ ।

अब प्रारम्भिक सूचीमा परेका परियोजना प्रस्तावकबाट प्रस्तुतीकरणको योजना छ । यसका लागि मितिसमेत तय भइसकेको प्रतिष्ठानले जनाएको छ । उक्त प्रस्तुतीकरणबाट छनोट भएका आयोजनाले यस वर्ष स्टार्टअप उद्यम कर्जा पाउने छन् । प्रतिष्ठानका अनुसार २८ पुस २०८१ देखि प्रस्तुतीकरणको मिति तय भएको छ । हरेक दिन चार चरणमा प्रस्तुतीकरण हुने र एक चरणमा पाँच परियोजना प्रस्तावकबाट प्रस्तुतीकरण लिइने प्रतिष्ठानले जनाएको छ ।

प्रस्तुतीकरणका लागि एक परियोजनालाई १० मिनेट समय उपलब्ध हुनेछ । प्रस्तुतीकरणको ढाँचासमेत सार्वजनिक गरिएको छ । प्रस्तुतीकरणका बेला उद्यम/व्यवसायको तस्वीर र दृष्यसमेत खिचेर १ मिनेट बराबर भिडियो अनिवार्य लिनुपर्ने गरी तोकिएको छ ।

प्रस्तुतीकरणमा आफ्नो परियोजनामा कुन पक्षमा नवीनतम सोच राखिएको छ भन्नेबारे स्पष्ट पार्नुपर्ने भएको छ । परियोजनाबाट उत्पादित वस्तु र सेवा बिक्रीको बजार सम्भावना, कच्चापदार्थ र त्यसको आपूर्ति, उपलब्ध पूर्वाधार, हालको रोजगारी र सिर्जना हुने संख्यासहित विवरण राख्नुपर्ने भएको छ । चालु आवमा स्टार्टअप कर्जा कार्यक्रमका लागि सरकारले १ अर्ब रुपैयाँ विनियोजन गरेको छ । यस कार्यक्रम मार्फत ३ प्रतिशत ब्याजदरमा विनाधितो कर्जा प्रवाह गर्ने योजना छ । सोही अनुसार स्टार्टअप उद्यमीबाट प्रस्ताव आह्वान गरिएको थियो ।

निर्धारित समयभित्र ५ हजारभन्दा बढी संख्यामा परियोजना प्रस्ताव आएको थियो । मन्त्रालयले नवीनतम ज्ञान, सोच, सिप र क्षमता भएका व्यक्तिलाई स्टार्टअप उद्यममा संलग्न हुन उत्प्रेरित गर्न स्टार्टअप कर्जा कार्यक्रम सञ्चालनमा ल्याएको मन्त्रालयले उल्लेख गरेको छ ।

कार्यक्रम कार्यान्वयन गर्न स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि २०८१ स्वीकृति गरिएको थियो । यसका लागि राष्ट्रि वाणिज्य बैंकसँग सम्झौता गरिएको छ । कर्जा सुरक्षणका लागि निक्षेप तथा कर्जा सुरक्षण कोषसँग सम्झौता भएको छ । स्वीकृत कार्यविधि बमोजिम औद्योगिक व्यवसाय विकास प्रतिष्ठानबाट ११ भदौ २०८१ का दिन स्टार्टअप उद्यमलाई सहुलियतपूर्ण कर्जा प्रवाह गर्न प्रस्ताव आह्वान गरिएको थियो । ३१ भदौसम्मको समय दिएर आह्वान भएको उक्त अवधिमा भौतिक (अफलाइन) र अनलाइन माध्यमबाट ५ हजार १ सय ५८ परियोजना प्रस्ताव आएको मन्त्रालयले जनाएको छ ।

# 'सारङ्गी'का निर्देशकले घोषणा गरे 'कोशेढुंगा'




काठमाडौं /ब्लकबस्टर फिल्म 'पूर्ण बहादुरको सारङ्गी' नेपाली फिल्म क्षेत्रकै लागि कोशेढुंगा सावित भयो । यसले जुन रुपमा व्यापार गरेको छ, त्यो नेपाली फिल्मका लागि अभूतपूर्व सफलता हो । तर, यो फिल्मले ठूलो व्यावसायिक सफलता हासिल गरे पनि यसका निर्देशक सरोज पौडेल भने खासै 'लाइमलाइट'मा आउन सकेनन् । अभिनेता विजय बरालको अभिनयको चर्चाले उनी पूरै ओझेलमा परे ।

यद्यपि, ब्लकबस्टर फिल्मको निर्देशक भएकाले उनलाई अब कामको भने अभाव हुने छैन । बुझिएअनुसार अहिले उनलाई राम्रो पारिश्रमिकसहित निर्देशनको प्रस्ताव बोक्लै पुगिरहेको छ । यसैबीच, अब उनले 'कोशेढुंगा' शीर्षकमा नयाँ फिल्म बनाउने भएका छन् । आइतबार एक पोस्टर सार्वजनिक गर्दै फिल्मको घोषणा गरियो । पोस्टरले फिल्मको कथावस्तुबारे संकेत दिन्छ ।

घुरमैलो बिहानी र एक्लो बुकुरो घरलाई पृष्ठभूमिमा राखेर तयार पारिएको पोस्टरमा एक महिलालाई डाँडातिर हेर्दै गरेको अवस्था देख्न सकिन्छ । उनको अगाडि अग्लो रुख र आकाशमा चरा उडेका छन् । यसले कठिन जीवनबाट उम्किएर स्वतन्त्र जीवन बाँच्न चाहेको भाव बुझाउँछ । अभाव, सपना र संघर्षको कथा फिल्मले भन्ने पोस्टरले संकेत गर्छ ।

अर्को वर्ष अर्थात् २०८२ सालमा रिलिज लक्ष्य राखिएको फिल्ममा प्रेविल कँडेल र हरि महतको लगानी रहनेछ भने दिनेश खड्का कार्यकारी निर्मातामा छन् । बाबु श्रेष्ठको डीओपी रहने फिल्मलाई सुरेन्द्र पौडेलले सम्पादन गर्नेछन् । नरदेवी फिल्मसको प्रस्तुतिमा बन्न लागेको फिल्ममा संगीत रिदम कँडेल र आषिश अविरलको रहनेछ । 'कोशेढुंगा'मा कलाकारहरु भने निश्चित भैसकेका छैनन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बागमती प्रदेशप्रमुखलाई दलित आयोगले बुझायो प्रतिवेदन

साझाकुरा संवाददाता

हेटौंडा, २१ पुस/ राष्ट्रिय दलित आयोग बागमती प्रदेशले आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटालाई बुझाएको छ ।

आयोगका प्रवक्ता सुन्दर पुर्कुटीले प्रदेशप्रमुख देवकोटालाई प्रतिवेदन बझाएका हुन् । नेपालको संविधानको धारा २९४ ९३० बमोजिम राष्ट्रिय दलित आयोगको आ.ब. २०८०/८१ को प्रतिवेदन पेश गरेको हो । आयोगले ७ वटा परिच्छेद र ६ वटा अनुसूची समेटी तयार गरिएको प्रतिवेदनमा बुझाएको हो । जसमा आयोगको परिचय, दलितको हकहित र अधिकार सम्बन्धी व्यवस्था, दलितको अवस्था र राज्यका निकायमा प्रतिनिधित्व आयोगको वार्षिक कार्यक्रम कार्यान्वयनको स्थिति, आयोगका सिफारिस तथा सुझाव र कार्यान्वयनको अवस्था, आयोगका अवसर, चुनौती र भावी कार्यदिशा लगायत विषय समेटिएको छ ।



छुवाछूत भेदभावप्रथाको सुरुवात र त्यसको अन्त्यका लागि कानूनी व्यवस्थामा नेपालमा जातीय भेदभाव तथा छुवाछूतप्रथाको सुरुवात, अन्तर्राष्ट्रिय कानूनमा छुवाछूत तथा भेदभावविरुद्धको व्यवस्था, नेपालको संविधान तथा कानुनमा दलित हकहितसम्बन्धी भएका व्यवस्था, जातीय भेदभाव तथा छुवाछूत अन्त्यका लागि ऐन, कानुनमार्फत् भएका राज्यका प्रयास, अन्य ऐन कानूनमा भएका दलितअधिकार सम्बन्धी व्यवस्था, जातीय भेदभाव अन्त्यका लागि सरकारका लोकप्रिय घोषणा तथा दलितलक्षित कार्यक्रमलाई उल्लेख गरिएको छ ।

संविधान, ऐन, कानून मार्फत जातीय भेदभाव तथा छुवाछूतअन्त्यका लागि जातीय आधारमा हुने सबै प्रकारका विभेद, कुरीति, अन्धविश्वास, अपराध, बहिष्करण, वञ्चितीकरण र हिंसालाई संवैधानिक र कानूनीरुपमा अन्त्य गर्दै सम्मानित जीवनयापन गर्न सक्षम तुल्याउन सरकारले लिएको नीति तथा तत्परतालाई प्रतिवेदनले समेटेको प्रवक्त पुर्कुटीले बताए ।

राष्ट्रिय जनगणनामा दलित समुदायको संख्यात्मक अवस्थाको विवरण, वित्तीय संस्थाको पहुँचबाट टाढा रहँदा भोग्नु परेको पीडा, मानव विकास सूचकांक, वार्षिक आय, शिक्षा, स्वास्थ्य र सरसफाई क्षेत्रमा अझै पनि दलित समुदाय पछाडि नै परेको उनले बताए ।

नेपालको संविधानले छुवाछुत तथा सबै किसिमका विभेदको अन्त्य गर्दै समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने र समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका सबै संरचनामा दलित दायको प्रतिनिधित्वको सुनिश्चिता गरेको छ । संविधानका मौलिक हकअन्तर्गत धारा २४ मा छुवाछुत समुदायको तथा भेदभाव विरुद्धको हक र धारा ४० मा दलितको हकको व्यवस्था छ । धारा २४ को प्रावधानलाई कार्यान्वयन गर्न जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव 'कसुर सजाय ऐन' २०६८ समेत लागु भएको छ ।

यसका साथै संसदले नेपाललाई छुवाछुतमुक्त राष्ट्र घोषणा गरेको छ । सरकारले मानव अधिकारसम्वन्धी विभिन्न प्रतिवद्धता समेत गरेको छ । तर, यी प्रावधानलाई कार्यान्यन गर्न संघीय, प्रदेश र स्थानीय सरकारसँग आवश्यक नीति, कानुन, रणनीतिक योजना र कार्यक्रम तथा बजेटको कमी रहेको उनले बताए ।

आयोगले पहिलो वार्षिक प्रतिवेदन २०७८ कार्तिक ११ गते, दोस्रो २०७९ मङ्सिर २५ गते, तेस्रो २०८० फागुन २३ गते पेस गरि सकेको छ । त्यसउपर सुनुवाइ नभएको भन्दै आयोगका प्रवक्ता पुर्कुटीले अबको सरकारले यसमा ध्यान दिने अपेक्षा प्रकट गरे ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार बागमती प्रदेशको कुल जनसंख्या ६१ लाख १६ हजार ८ सय ६६ जनामध्ये दलितको जनसंख्या ३ लाख ५९ हजार ५ सय ११ जना रहेका छन् । प्रतिवेदन ग्रहण गर्दै प्रदेशप्रमुख देवकोटाले दलितको सवालमाथि सकारात्मक सन्देश कार्यान्वयनमा ल्याउनको लागि सरकारलाई प्रेरित गर्ने बताए ।

# युवालाई रोजगारीको अवसर खोजी गर्दैछौं: मुख्यमन्त्री लामा

साझाकुरा संवाददाता

हेटौंडा, २१ पुस/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामा (तामाङ)ले युवालाई विदेश जानबाट रोक्न प्रदेश सरकारले गुणस्तरीय शिक्षासहित रोजगारका अवसर खोजी गर्न थालेको बताएका छन् ।

नुवाकोट उद्योग वाणिज्य संघको बट्टारमा आयोजित १९ औं वार्षिक साधारणसभामा मुख्यमन्त्री लामाले गुणस्तरीय शिक्षाले रोजगारी दिने भन्दै शिक्षालाई पहिलो प्राथमिकतामा राखी काम थालिएको उल्लेख गरे । उनले विदेश जाने युवालाई रोक्न सरकारले सीप विकाससम्बन्धी योजना बनाइरहेको, रोजगारका अवसर खोजी गरिरहेको र विभिन्न नीति तथा कार्यक्रम कार्यान्वयनमा ल्याएको दाबी गरे । केही नीति तथा कार्यक्रम ल्याउने तयारीमा प्रदेश सरकार रहेको उनको भनाई छ ।

'उच्च शिक्षा अध्ययन र रोजगारको खोजीमा नेपाली युवाको विदेश जानुपर्ने बाध्यताप्रति सरकार गम्भीर भएर सरोकार भएकासँग छलफल र सहकार्यमार्फत् समस्या समाधान गर्न पहल गरिरहेका छौँ', मुख्यमन्त्री लामाले भने, 'लहैलहै र देखावटीमा जानेलाई पनि स्वदेशमा बस्नुपर्छ भनेर सजग गराउन चेतना अभिवृद्धि गर्ने काम गरिरहेका छौँ ।' वैदेशिक रोजगार र उच्चशिक्षाको बहानामा युवा विदेश जाने क्रमले गाउँका घरहरु रित्तिएको भन्दै यस समस्यालाई प्रदेश सरकारले गम्भीररुपमा लिएर समाधान खोजिरहेको मुख्यमन्त्री लामाले उल्लेख गरे ।




युवालाई उद्यमी बनाउन र प्राविधिकसहित गुणस्तरीय शिक्षा उपलब्ध गराई रोजगारको सुनिश्चित गराउन तीन तहका सरकारले साझा धारणा बनाएर समस्याको पहिचान गरिरहेको भन्दै यसमा प्रदेश सरकारले पनि पहल गरिरहेको मुख्यमन्त्री लामाले बताए । सरकारले उद्योग कलकारखाना स्थापनाका लागि सरल नीति अवलम्बन गर्ने, व्यवसायीमैत्री कानुन कार्यान्वयन गर्ने, विद्युत् आपूर्ति, राजस्वमा सहुलियतलगायत क्षेत्रमा सुधार गरेकाले नयाँ उद्योग स्थापना गर्न उद्योगी, व्यवसायीलाई उनले आग्रह गरे ।

कार्यक्रममा संघका अध्यक्ष राजेन्द्र श्रेष्ठले वार्षिक प्रगति प्रतिवेदन, महासचिव उपेन्द्र बुढाथोकीले कार्यसम्पादन प्रतिवेदन र कोषाध्यक्ष मेघनाथ घिमिरेले आर्थिक प्रतिवेदन पेस गरे । सो अवसरमा जिल्लामा उद्योग सञ्चालन र रोजगार सिर्जनामा योगदान पुऱ्याउँदै आएका उद्योगी तथा व्यवसायीलाई सम्मान गरिएको थियो । कार्यक्रममा जिल्लाका उद्यमी तथा किसानले उत्पादन गरेका कृषिउपज, हस्तकला एवम् घरेलु उद्योगका सामग्रीको बिक्री तथा प्रदर्शनी गरिएको थियो ।

# मकवानपुर क्याम्पसमाबाट अनेरास्ववियुको संगठन विस्तार अभियान

साझाकुरा संवाददाता

हेटौंडा, २१ पुस/ अनेरास्ववियु मकवानपुर बहुमुखी क्याम्पसले संगठन विस्तारको अभियान सुरु गरेको छ । अनेरास्ववियु केन्द्रीय सदस्य आकाश अधिकारीको प्रमुख आथित्यतामा अभियानको सुरुवात भएको हो ।

अभियानको दौरान संगठन विस्तार संगठनको नियमित काम रहेको र क्यम्पसमा अध्ययन गर्न आउने नयाँ विद्यार्थीलाई संगठनमा संगठित गराउने नियमित प्रक्रिया रहेको क्यम्पस कमिटीका अध्यक्ष प्रसिद्ध रेग्मीले बताए । विद्यार्थीलाई संगठित गर्ने मात्रै हैन हरेक विद्यार्थीको गुनासो, समस्यालाई टिपोट गरी त्यसको समाधानको पहलकदमी पनि लिने हिसाबले संगठन विस्तारको अभियानमा केन्द्रित हुनुपर्ने केन्द्रीय सदस्य अधिकारीले बताए ।

कार्यक्रममा अनेरास्ववियुले आफूलाई विद्यार्थीको हरेक गतिविधिमा क्रियाशील बनाउने र जिल्लाभर संगठन विस्तारको अभियान सञ्चालन गर्ने अनेरास्ववियु उपाध्यक्ष नवराज शर्माले बताए । स्ववियु सदस्य उन्नत देवकोटा र निर्दोष लुइँटेलले कार्यक्रम सञ्चालन गरेका थिए । आइतबार तीनवटा कमिटी निर्माण भएको अनेरास्ववियुका नेता लुइँटेलले बताए ।

कार्यक्रममा महिला विद्यार्थीले महिलाको समस्यालक्षित कार्यक्रम राख्नुपर्ने सुझाव आएको अनेरास्ववियु सहसचिव तथा महिला विभाग प्रमुख जस्प्रिता अधिकारीले बताइन् । कार्यक्रममा जिल्ला कमिटी अध्यक्ष लगायत पधाधिकारीको सहभागिता रहेको थियो ।

# समुदायस्तरमा कानुनीशिक्षा अनुशिक्षण

साझाकुरा संवाददाता

हेटौंडा, २१ पुस/टोल विकास संस्था नगरसमन्वय समिति, हेटौंडा उपमहानगरपालिकाले १ दिने समुदायस्तरीय कानुनी शिक्षा अनुशिक्षण कार्यक्रमको आयोजना गरेको छ ।

हेटौंडा उपमहानगर पालिका न्यायिक समितिको समन्वयमा हेटौंडा-१ र २ नं. वडामा गठित टोल विकास संस्थाका पदाधिकारी एवम् सदस्यको सहभागितामा १ दिने अनुशिक्षण कार्यक्रमको आयोजना गरेको हो । नगर समन्वय समितिका अध्यक्ष ध्रुवप्रसाद अधिकारीको अध्यक्षता एवम् हेटौंडा उपमहानगरपालिका न्यायिक समितिका सदस्य एवम् टोल विकास संस्था नगर समन्वय समिति सल्लाहकार ज्ञानबहादुर थापाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा टोल विकास संस्था नगर समन्वय समितिका महासचिव शिबहरि दाहाल, उपमहासचिव देबकुमार श्रेष्ठ, सचिव चन्द्रावती पनेरु लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई हेटौंडा उपमहानगरपालिका कानुन अधिकृत सुजन तिमल्सिना तथा अधिवक्ता अप्सरा बस्नेतले सहजीकरण गरेका थिए । कार्यक्रममा हेटौंडा १ र २ नं. वडाका ७० जनाको सहभागिता रहेको थियो । कार्यक्रम नगरका सबै वडामा संचालन गरिने नगर समन्वय समितिका अध्यक्ष अधिकारीले जानकारी दिए ।

# मनकामना दुग्ध सहकारीमा पुन: दाहाल

साझाकुरा संवाददाता

हेटौंडा, २१ पुस/ जिल्लाकै ठूलो दुग्ध उत्पादक संस्था मनकामना दुग्ध उत्पादक सहकारीको अध्यक्षमा अर्जुनप्रसाद दाहाल पुन:निर्वाचित भएका छन् । प्रतिद्वन्द्वी अध्यक्ष पदका उम्मेदवार कृष्णप्रसाद पोखरेललाई १ सय १२ मतान्तरले पराजित गर्दै दाहाल आइतबार भएको निर्वाचनमा विजयी भएका हुन् । संस्थाको संचालक समिति सदस्य तथा लेखा समिति संयोजक र सदस्य पद सहमतिमा निर्विरोध भएको थियो । अध्यक्ष, उपाध्यक्ष र जिल्ला प्रतिनिधि सदस्य पदमा सहमति जुटन नसकेपछि आइतबार मतदान भएको थियो ।

उपाध्यक्षमा गोविन्दप्रसाद दाहालले २३९ मतान्तरले कबिता न्यौपानेलाई हराए । जिल्ला प्रतिनिधि सदस्यमा निलप्रसाद न्यौपानेले जनक रेग्मीलाई १०० मतान्तरले पराजित गरेका छन् । लेखा समिति संयोजकमा रोमनाथ रेग्मी, समिति सदस्यमा बासुप्रसाद न्यौपाने र सरस्वती अधिकारी निर्विरोध भएका थिए । निर्विरोध हुने सदस्यमा मधु विश्वकर्मा, दामोदर अधिकारी, सालिकराम सापकोटा, सूर्यमाया रुम्बा, शर्मिला तिमल्सिना, सरोज फँयाल छन् ।

# नमूना साकोसमा पुन:न्यौपाने

साझाकुरा संवाददाता

हेटौंडा, २१ पुस/हेटौडा / हेटौंडा १० राप्तीरोडमा रहेको नमूना बहुउदेश्यीय सहकारी संस्था लिमिटेडको २२ औं बार्षिक साधारण सभाबाट पुन: केदारप्रसाद न्यौपानेको नेतृत्वमा नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको छ ।

सधारणसभाले उपाध्यक्षमा रामचन्द्र पौडेल, सचिवमा कुमार जोशी, कोषाध्यक्षमा सुशिला बास्कोटा चयन भएका छन् । कार्यसमिति सदस्यमा बद्रीनारायण मण्डल, रामबहादुर श्रेष्ठ, सुरेन्द्र ढुंगाना चयन भएका छन् ।

हेटौंडा उपमहानगरका प्रवक्ता तथा वडा नम्बर १ का वडाअध्यक्ष सविन न्यौपानको प्रमुख आतित्थ्यतमा भएको सभामा प्रमुखअतिथि न्यौपानेले सहकारीको नकारात्मक टिप्पणी भईरहेको समयमा हरेक सहकारीले संस्थाको नीति नियमलाई आत्मासाथ गरेर काम गर्न सुझाए । प्रमुखअतिथि न्यौपानेले बहुउद्देश्सीय सहकारीले बिभिन्न क्षेत्रमा काम गर्न सक्ने हुनाले विशेष गरेर कृषिक्षेत्रमा काम गर्न र उत्पादनमुखी काममा लाग्नुपर्नेमा जोड दिए ।

साधारणसभामा संस्थाका अध्यक्ष न्यौपानेले वार्षिक प्रतिवेदन, कोषाध्यक्ष बास्कोटाले आयव्यय प्रतिवेदन र सचिव बाबुराम खतिवडाले प्रगति प्रतिवेदन पेश गरेका थिए । एकहजार ३ सय १५ जना शेयरसदस्य रहेको सहकारीले गत आर्थिक वर्षमा कुल ३९ लाख ६५ हजार ४ सय आम्दानी गरेको प्रतिबेदन सार्वजनिक गरिएको छ ।

# महिला कृषि समूहलाई वित्तीय साक्षरता तालिम

साझाकुरा संवाददाता

हेटौंडा, २१ पुस/ मकवानपुरगढी गाउँपालिका-५ सिमलटारमा आइतबार वित्तीय साक्षरता सम्बन्धी तालिम आयोजना गरिएको छ । बुङ्दल महिला कृषि आयाआर्जन समूहलाई एक दिवसीय वित्तीय साक्षरता तालिम प्रदान गरिएको हो ।

बुङ्दल सामूदायिक वन उपभोक्ता समूहको आयोजना र कृषि तथा वन सहज कार्यक्रमको सहकार्यमा तालिम गरिएको हो । आयआर्जन समूहका अध्यक्ष विन्दा गौतमको अध्यक्षता तथा वन समूहका अध्यक्ष भीमबहादुर अधिकारी, तालिम सहजकर्ता सहकारीकर्मी गीता नेपाल, कृषि तथा वन सहज कार्यक्रमका कार्यक्रम संयोजक सन्ध्या शिवाकोटीको आतिथ्यता रहेको थियो । महिला समूहको वार्षिक कार्यक्रमअन्तरगत वित्तीय साक्षरता कार्यक्रम गरिएको हो ।


# शिक्षक आवश्यकता

*प्रथम पटक सूचना प्रकाशित मिति: २०८१/०९/२२ गते*

उपरोक्त सम्बन्धमा यस विद्यालयको वि.व्य.स.को मिति २०६१/०९/२१ को बैठक निर्णय तथा मनहरी गा.पा. शिक्षा शाखाको च.नं. ५०८, मिति २०८१/०९/२१ को अनुमति अनुसार यस विद्यालयमा रिक्त रहेको नि.मा.वि. संघीय अनुदान कोटामा शिक्षक पदपुर्तिको लागि सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र इच्छुक उम्मेदवारहरुबाट तपशिलका कागजातहरु सहित दरखास्त आव्हान गरिन्छ ।

**तपशिल** :

| क्र.सं. | विज्ञापन नं. | तह विषय | प्रकार | पद संख्या | कै. |
|---|---|---|---|---|---|
| १. | ०२/२०८१/०८२ | नि.मा.वि./गणित | संघीय अनुदान | १ (एक) | |

२. शैक्षिक योग्यता: प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण ।
३. उमेर: १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
४. परीक्षाको किसिम : लिखित, अन्तरवार्ता र आवश्यक परेमा कक्षा अवलोकन पनि गर्न सकिने ।
५. तलव भत्ता: नेपाल सरकार संघीय सर्सत अनुदान अनुसार हुनेछ ।
६. दरखास्त दस्तुर रु.१००० (एक हजार मात्र । निवेदन साथ पेश गर्नुपर्ने ।
७. दरखास्त दिने अन्तिम मिति २०६१/०९/२८ गते सम्म करार सूचिमा रहेकाको लागि मात्र ।
८. अन्य सबै उमेदवारहरुको लागि दरखास्त दिने अन्तिम मिति : २०८१/१०/०७ गते दिनको ४:०० बजे सम्म ।
९. दरखास्त दिने स्थान: सम्बन्धित विद्यालयको प्रशासन शाखा ।
१०. सम्पर्क मिति: २०८१/१०/०८ गते ।
११. परीक्षा मिति: सम्पर्क मितिमा तोकिनेछ ।
१२. आवश्यक कागजातहरु :
क) हस्तलिखित निवेदन १ प्रति (उमेदवारको सम्पर्क नं. अनिवार्य उल्लेख हुनुपर्ने) ।
ख) शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति ।
ग) नेपाली नागरिकताको प्रतिलिपि १ प्रति ।
घ) स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ प्रति ।
ङ) सबै कागजातहरुको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरि प्रमाणित गरेको हुनुपर्नेछ ।

**श्री युवा वर्ष गंगा आधारभूत विद्यालय**
मनहरी-९, रजैया, मकवानपुर
**सम्पर्क नं.** : ९८४५०७१९१२ (प्र.अ.), ९८६५१९१३०५ (वि.व्य.स. अध्यक्ष)



# १६ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना !

यस सुन्दर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २०८१ पुस ६ गते शनिबार बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार १६ औं वार्षिक साधारणसभा सम्बन्धी कार्यक्रम निम्न मिति, समय र स्थानमा आयोजना गरिने र उक्त साधारणसभामा तपशिलका विषयहरुउपर गहन छलफल गरी उचित निर्णय गर्नुपर्ने भएकाले यहाँको सक्रिय सहभागिताको लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारणसभासम्बन्धी कार्यक्रम:**
मिति : २०८१ पुस २७ गते, शनिबार
स्थान : ॐ बृद्धाश्रमको सभाहल, हेटौंडा-२, चौकीटोल
समय : बिहान ११:०० बजे ।

**छलफलका विषयहरु:**
१) संचालक समिति र उपसमितिका प्रतिवेदनहरु छलफल र पारित ।
२) आ.व.२०८१/०८२ को बजेट तथा कार्यक्रम छलफल र पारित ।
३) आ.व.२०८०/०८१ को ले.प.प्रतिवेदन छलफल र पारित ।
४) आ.व.२०८१/०८२ को लेखापरीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण ।
५) साधारणसभाको निर्णय प्रमाणित गर्न सदस्यको छनौट ।
७) विविध ।

**पुनश्च:** साधारणसभामा उपस्थित हुने सदस्यहरुका लागि रु ५०० यातायात खर्चको व्यवस्था गरिएको छ । सोको लागि शेयर सदस्य स्वयम् उपस्थित हुनुपर्नेछ ।

**सुन्दर बचत तथा ऋण सहकारी संस्था लि.**
चौकीटोल, हेटौंडा








साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना